# प्रेस-बिज्ञप्ती

## नेपाल मेला, ग्वान्जाओ, चीन जुन ११-१३, २०१८

चीनको व्यापारीक एंव वाणिज्य केन्द्र ग्वान्जाओमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र नेपाली महावाणिज्य दुतावास ग्वान्जाओ चीनको सहयोग एंव सहकार्यमा यही जुन ११-१३, २०१८ सम्म ग्वान्जाओको Beijing Lu मा नेपाल मेला आयोजना गर्ने गरी तयारी पुरा भएको छ । नेपाल हस्तकला महासंघ, नेपाल उद्यमशील महिला महासंघ, नेपाल हर्व तथा हर्वल उत्पादन संघ, लगायतका वस्तुगत संघमा आवद्ध ११ ओटा उद्योगी व्यवसायीहरुले मेलामा सहभागीता जनाउने छन ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले उक्त नेपाल मेलालाई प्रभावकारी रुपमा सहभागिता जनाई सम्पन्न गर्न मिति २०७५/२/२४ गते नेपाली सहभागिता हुने व्यवसायीहरुलाई केन्द्रमा मेलाको पूर्व तयारी सम्वन्धमा आवश्यक जानकारी दिनुका साथै नेपाली निर्यात योग्य वस्तु प्रदर्शनीका वारेमा क्रेता एवं विक्रेता बीच गरिने व्यवहार, आकर्षण सजावट, वजार तथा वस्तुको विश्लेषण एवं गुणस्तर र मेलामा लैजाने वस्तुको आवश्यक प्रक्रियाका वारेमा समेत सहभागी वीच छलफल एवं अन्त्रक्रिया गरियो ।

सो अवसरमा केन्दका नायव कार्यकारी निर्देशक श्री तेज सिँह विष्टज्यूवाट सहभागिहरुलाई मेलाको आवश्यकता, मेलावाट नेपाली व्यबसायीहरुले लिन सक्ने लाभ, भन्सार सहजीकरण, मेलाबाट हुने प्रभाव एवं विविध पक्षहरु विश्लेषण गर्दै उक्त मेलाबाट व्यापारिक सम्वन्ध वढाई नेपालको बढ्दो व्यापार घाटा न्यूनीकरण गर्न एवं वैदेशीक मुद्रा आर्जन गरी राष्ट्रीय आय वृद्धिमा समेत सहयोग पुऱ्याउन सुझाव दिदै शुभ कामना व्यक्त गर्नु भएको थियो । केन्द्रका निर्देशक गीता श्रेष्ठ, वरिष्ठ अधिकृत मीन वहादुर कुँवर र शाखा अधिकृत जयन्द्र वहादुर वोगटी समेतको उपस्थिती रहेको थियो ।

चीनमा उच्च निर्यात संम्भावना रहेका वस्तुलाई प्रवर्द्धन गर्न केन्द तथा नेपाली महावाणिज्य दुतावास ग्वान्जाओले सो नेपाल मेलाको आयोजना गर्न लागेको हो । जडीबुटी, हस्तकला, प्राकृतिक रेसाबाट वनेका वस्तु, तयारी पोशाक, नेपाली अचार, चादीका गरगहना आदि वस्तुहरुको मेलामा प्रदर्शनी विक्रि वितरण र सो अवसरमा B2B Meeting एवं व्यापार प्रवर्द्धन र नेपाल चीन व्यापारका सम्भावनाका क्षेत्रमा समेत केन्द्र तथा महावाणिज्य दुतावासको सहयोगमा सहभागिहरुलाई संलग्न गराई छलफल गरिने कार्यक्रम समेत रहेको छ ।

**मितिः-२०७५/२/२४**



नेपाल मेला, ग्वान्जाओ, चीनका सहभागिहरु संग केन्द्रमा छलफल तथा अन्तर्कृया ।